# पाठ -9

الدرس التاسع - نيبالي

## मुहम्मदुर रसूलुल्लाहको अर्थ

معني محمد رسول الله

मुखले र मन्ले यो स्वीकार गर्ने कि उहाँ चाहिं सबै संसारको लागी अल्लाहको तरफ बाट पठाइएको सन्देष्टा र सेवक हुन, यसै अनुसार कर्तव्य गर्ने, उहाँको आदेशको पालन गर्ने, उहाँले बताएको कुराहरु माथि विशवास राख्ने, उहाँले रोकेको कुराहरुबाट रुकिहाल्ने, र उहाँले बताएको विधि अनुसार अल्लाहको उपासना गर्ने ।

मुहम्मदु-र-रसूलुल्लाहमा दुइभाग छन्, एउटा अल्लाहको सेवक (**अब्दुहु**) र अर्को अल्लाहको सन्देष्टा (**रसूलुहु**) यो दुवैभागले उहाँको हक अधिकारमा भइरहेको हरेक प्रकारको घटथपलाई बहिस्कार गरिरहेका छन्, किन भने उनी त अल्लाहको सेवक र सन्देष्टा हुनुहुन्छ, र यो दुवै गुणको माध्यमले उनी सबभन्दा महान व्यक्ति हुनुहुन्छ, अब्दको अर्थ हो "पूजा गर्नेवाला भक्त" अर्थात उनी एउटा मनुष्य हुन, उहाँको सृष्टि पनि उसैबाट भएको छ जसबाट सबै मानवजातिको सृष्टि भएको छ, संसारिक परम्परा अनुसार उहाँ माथि पनि त्यही नियमहरु लागु हुन्छन जुन् सबै मानिसहरु माथि लागु हुन्छ, अल्लाह तआलाले भन्नु भएको छ : *قُلْ إِنَّمَا أَنَا بَشَرٌ مِثْلُكُمْ*

तपाई भनिदिनुस कि म त तिमीहरु जस्तै एउटा मानिस हुँ । अर्को ठाउँमा भन्नु भयो:

* الْحَمْدُ لِلَّهِ الَّذِي أَنْزَلَ عَلَى عَبْدِهِ الْكِتَابَ وَلَمْ يَجْعَلْ لَهُ عِوَجًا * الكهف: ١

सबै प्रशंसाहरु अल्लाहको लागि नै छन् जसले आफ्ना भक्त माथि किताब अवतरित गर्नु भयो र यसमा कुनै प्रकारको त्रुटि छैन ।

**रसूलको अर्थ हो** *«शुभ सूचक, सावधान गर्नेवाला, र अल्लाहतर्फ बोलाउनको लागि मानिसहरु तिर पठाइएको व्यक्ति»* यो दुवै गुणको गवाहीको अर्थ यो हो कि उहाँको हकमा कुनै प्रकारको घटथपलाई स्वीकार न गर्ने, जस्तो कि इस्लामको दावी गर्नेवाला धेरै व्यक्तिहरुले उहाँको जायज हक भन्दा अधिक हक दिएर सिमा उलँघन गरिरहेका छन् यहाँ सम्म कि सेवकको स्थानबाट उठाएर पूज्यको स्थान दिइसकेका छन, तसर्थ अल्लाहलाई छाडेर उहाँ सँग मद्दत मांगिरहेका छन्, उहाँसित त्यसता कुराहरु मांगिरहेका छन् जसको शक्ति अल्लाह बाहेक अरु कसैमा छैन जस्तो कि मानवको अवश्यक्ता पुरा गर्ने, दुःख र पिडा हरने इत्यादि यो सबै मार्ग बिचलीत र पथभ्रष्ट पार्ने कुरा हुन ।

र तिनीहरु बाहेक धेरै मानिसहरु यस्ता पनि छन् जुन् उहाँको सन्देष्टा हुने कुरामा विशवास गर्दैनन् अथवा उहाँको अनुशरण गर्दैनन् बरु उहाँको जायज हकमा पनि कमी गरिरहेका छन्, तसर्थ उहाँको कुरा भन्दा अधिक दर्जा अन्य दोस्रो व्यक्तिको कुरालाई दिइरहेका छन्, उहाँको विधि र शैली सँग सम्बन्ध बिच्छेद र बेमुखी गरिरहेका छन्, र उहाँको सुन्नतलाई छाडेर बिरोधी कुराहरु प्रति विशवास राखिरहेका छन् ।

तसर्थ एउटा मुस्लिम व्यक्ति माथी यो अनिवार्य हुन्छ कि त्यो रसूल सल्लल्लाहु अलैहि वसल्लमको ओहदा र दर्जामा घटथप नगरि राम्रो संग आस्था र विश्वास राखोस् र राम्रो संग उहाँको अनुसरण र आज्ञापालन गरोस् किन भने उहाँले जुन उपदेश र सन्देश दिनु भएको छ त्यो सबै अल्लाहको तरफ बाट हुन ।